# नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ असोज १३ गतेको बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने। |
| २ | अर्थ मन्त्रालय | २०८३ असोज २६ देखि कात्तिक १ गतेसम्म थाइल्याण्डको राजधानी बैंककमा आयोजना हुने विश्व बैंक समूह र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक बैठकमा माननीय अर्थमन्त्री र अर्थ मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृत प्रदान गर्ने। |
| ३ | अर्थ मन्त्रालय | २०८३ असोज १९ देखि २० गतेसम्म संयुक्त राज्य अमेरिकाको वाशिङ्टन डी.सी.स्थित विश्व बैंक समूहको मुख्यालयमा विश्व बैंक समूहका अध्यक्ष श्री अजय बङ्गा तथा अन्य उच्चपदस्थ अधिकारीहरूसँगको भेटघाट तथा छलफलमा सहभागी हुन माननीय अर्थमन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| ४ | अर्थ मन्त्रालय | २०८३ कात्तिक ९ देखि १२ गतेसम्म भियतनामको हनोइमा आयोजना हुने International Conference on "Supreme Audit Institutions in a Changing World: Vision, Institutional Framework and Innovation" मा सहभागी हुन माननीय महालेखापरीक्षक श्री तोयम राया र उपमहालेखापरीक्षक श्री पदमराज पौडेललाई स्वीकृति प्रदान गर्ने। |
| ५ | अर्थ मन्त्रालय | अमेरिकी सरकारबाट स्वास्थ्य सेवा सुधारका लागि प्राप्त हुने २०.७ मिलियन अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| ६ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतका आयोजना/कार्यक्रमहरूको आ.व. २०८३/८४ को लागि कूल ४२१ अधिकृतस्तरका पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ७ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | World Bank Group को हेडक्वार्टर Washington, D.C. मा २०८३ कात्तिक १६ र १७ गते सञ्चालन हुने Law, Justice and Development Forum 2026 मा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ८ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | कमला–ढल्केवर-पथलैया सडक खण्डको स्तरोन्नतिका लगि पर्सा राष्ट्रिय निकुञ्जको कार्यक्षेत्रमा पर्ने राजमार्गको सीमा (राइट अफ वे) भित्र पर्ने विभिन्न प्रजातिका ४१७३ गोटा रुख/विरुवा हटाउन स्वीकृति दिने। |
| ९ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | गजाङ खोला साना जलविद्युत आयोजना निर्माणको लागि रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका वडा नं. १ मा रहेको गौरीशंकर संरक्षण क्षेत्रअन्तर्गत रहेको राष्ट्रिय वन क्षेत्रको कुल ०.९५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १० | कृषि, वन तथा पर्यावरण मन्त्रालय | माथिल्लो बलेफी ए जलविद्युत आयोजनालाई लाङटाङ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र भित्र पर्ने वन क्षेत्रको जग्गा प्रयोग गरे वापत सट्टाभर्ना उपलब्ध गराउने प्रयोजनार्थ म्याद थप गर्न स्वीकृति दिने। |
| ११ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | बलेफी खोला जलविद्युत आयोजना निर्माणको लागि लाङटाङ राष्ट्रिय निकुञ्ज तथा गौरीशंकर संरक्षण क्षेत्रअन्तर्गत पर्ने सिन्धुपाल्चोक जिल्लाको जुगल गाउँपालिका |

| | | |
|---|---|---|
| | | वडा नं. २ र ३ मा रहेको राष्ट्रिय वन क्षेत्रको कुल १२.४६ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १२ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | सशस्त्र प्रहरी बल, नेपाललाई तालिम शिक्षालय, गुल्महरू तथा सिमा सुरक्षा पोष्टहरू निर्माण गर्नको लागि मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिका-६ मा रहेको चित्रेपानी सामुदायिक वनको २.०३ हेक्टर र डडेलधुरा जिल्लाको परशुराम नगरपालिका-५ मा रहेको सिद्धनाथ सामुदायिक वन र परशुराम नगरपालिका-३ मा रहेको सरकारद्वारा व्यवस्थित वनको १.८६१ हेक्टर राष्ट्रिय वन क्षेत्र भूउपयोग परिवर्तन गरी प्रयोग गर्न स्वीकृति प्रदान गर्ने। |
| १३ | गृह मन्त्रालय | २०८३ असोज २० देखि २३ गतेसम्म बङ्गलादेशमा Out of Country Voting and Electoral Technology विषयको भ्रमण कार्यक्रममा सहभागी हुन माननीय निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधर, माननीय निर्वाचन आयुक्त डा. राजिब सुब्बा र सचिव श्री कृष्ण प्रसाद काप्रीको भ्रमण स्वीकृत गर्ने। |
| १४ | पूर्वाधार विकास मन्त्रालय | तारकेश्वर नगरपालिका वडा नं ४ स्थित दुगुर्नेपानी-लखपात सडक स्तरोन्नति गर्न आवश्यक करिब नौ आना तीन पैसा जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने। |
| १५ | पूर्वाधार विकास मन्त्रालय | जेन-जी आन्दोलनको क्रममा क्षति भएका तथा पूर्वाधार विकास मन्त्रालयअन्तर्गतका निकायबाट कार्यान्वयन भइरहेका भवन संरचनाहरूको पुनर्निर्माणको लागि चालु आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रममा क्रियाकलाप थप गरी बजेट व्यवस्थापन गर्ने। |
| १६ | पूर्वाधार विकास मन्त्रालय | सडक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसदमा पेस गर्न स्वीकृति दिने। |
| १७ | पूर्वाधार विकास मन्त्रालय | भवन ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेस गर्न स्वीकृति दिने। |
| १८ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निजामती सेवाका सात जना सहसचिवहरूको राजीनामा स्वीकृत गर्ने। |
| १९ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सङ्घीय निजामती सेवा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने। |
| २० | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका १७ जना सहसचिवहरूको सरुवा गर्ने। |
| २१ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | राष्ट्रिय खानेपानी तथा ढल व्यवस्थापन अनुसन्धान तथा विकास केन्द्र, स्थानीय पूर्वाधार विकास विभाग र अन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| २२ | रक्षा मन्त्रालय | नेपाली सेनाका एक जना महासेनानीलाई सहायक रथी दर्जामा बढुवा गर्ने। |

| | | |
|---|---|---|
| २३ | सूचना तथा सञ्चार मन्त्रालय | प्रेस काउन्सिल विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने। |
| २४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने। |
| २५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेस गर्न स्वीकृति दिने। |
| २६ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | भक्तपुर क्यान्सर अस्पताल विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०८३ स्वीकृत गर्ने। |
| २७ | नेपाल प्रशासन सेवा समूहीकरण तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री आभा श्रेष्ठ कर्णलाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशको प्रमुख सचिव पदमा र नेपाल इन्जिनियरिङ सेवा समूहीकरण तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव (प्रा) डा. जगदीश्वर कर्माचार्यलाई बढुवा गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सचिव पदमा पदस्थापना गर्ने। | |
| २८ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशका प्रमुख सचिव श्री भुपाल बराललाई राष्ट्रिय सतर्कता केन्द्रको प्रमुख अधिकृत पदमा सरुवा गर्ने। | |
| २९ | पूर्वाधार विकास मन्त्रालयका सचिव श्री गोपाल प्रसाद सिग्देल, जल तथा ऊर्जा आयोगका सचिव श्री सरजु कुमार वैद्य, नायव महान्यायाधिवक्ता श्री सञ्जीवराज रेग्मी, उपमहालेखापरीक्षक श्री बैकुण्ठबहादुर अधिकारी र राष्ट्रिय योजना आयोगका सचिव श्री रविलाल पन्थ उमेर हद/सेवा अवधिको कारणबाट अनिवार्य अवकाश हुने हुँदा अवकाशको जानकारी एवं धन्यवाद दिने। | |
| ३० | नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम संघीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०८३ साल असोज १६ गते शुक्रबार राति १२:०० बजेदेखि अन्त्य हुन नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष सिफारिस गर्ने। | |

## नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ साल असोज १९ गते बसेको मन्त्रिपरिषद्का निर्णयहरूः

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) को सदस्य राष्ट्रको हैसियतले नेपालले बुझाउनुपर्ने सदस्यता बापतको सन् २०२४, २०२५ र २०२६ को बाँकी योगदान रकम अमेरिकी डलर सात लाख चौध हजार चारसय अट्ठाइस अर्थ मन्त्रालयमार्फत भुक्तानी गर्न स्वीकृति प्रदान गर्ने। |
| २ | अर्थ मन्त्रालय | २०८३ कात्तिक १७ देखि १९ गतेसम्म नेदरल्याण्ड्सको द हेगमा आयोजना हुने World Pension Summit मा भाग लिन कर्मचारी सञ्चय कोषका अध्यक्ष श्री भुपाल बराललाई स्वीकृति प्रदान गर्ने। |
| ३ | अर्थ मन्त्रालय | नायव महालेखापरीक्षक श्री जयराम घिमिरेले दिनु भएको राजीनामा स्वीकृत गर्ने। |
| ४ | अर्थ मन्त्रालय | धितोपत्र बजार व्यवस्थापन (कसुर तथा सजाय निर्धारण) सम्बन्धी विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने। |
| ५ | अर्थ मन्त्रालय | नेपाल धितोपत्र बोर्डसम्बन्धी विधेयक तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने। |
| ६ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सिनियर डिभिजनल माइनिङ जियोलोजिष्ट श्री धर्मराज खड्कालाई राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव (प्राविधिक) पदमा बढुवा गरी निजको राजीनामा स्वीकृत गर्ने। |
| ७ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | जमुनी सिँचाइ योजनाका लागि आवश्यक पर्ने करिब ६ बिघा १३ कठ्ठा निजी जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने। |
| ८ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | रानी जमरा कुलरिया सिँचाइ आयोजनाको पथरैया-कान्द्रा नहर निर्माणको लागि नहर रेखाङ्कनमा परेका लम्कीचुहा नगरपालिका, घोडाघोडी नगरपालिका, भजनी नगरपालिका, जोशीपुर गाउँपालिका र बर्दगोरिया गाउँपालिकामा बीस वर्षभन्दा बढी अवधिदेखि निरन्तर भोगचलन गर्दै आएका ऐलानी जग्गाको क्षतिपूर्ति उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने। |
| ९ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २०८३ असोज २३ देखि २५ गतेसम्म भारतको मुम्बईमा आयोजना हुने 19th South Asia Power Secretaries' Roundtable (PSRT19) कार्यक्रममा सहभागी हुन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने। |
| १० | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवा, कानून समूहका एघार जना राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरूको सरुवा गर्ने। |
| ११ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | रिवाल खोला साना जलविद्युत आयोजना निर्माणको लागि सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका वडा नं. १ मा रहेको लाङटाङ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत रहेको राष्ट्रिय वन क्षेत्रको कुल १.९६७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १२ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | बिरुवा स्वस्थता उपचार कक्ष (पञ्जीकरण तथा मान्यता) सम्बन्धी नियमावली, २०८३ स्वीकृत गर्ने। |
| १३ | गृह मन्त्रालय | सशस्त्र प्रहरी बल, नेपाललाई स्याङ्जा जिल्ला वालिङ नगरपालिका वडा नं. ८ घ्याङ्गलिङ्गस्थित पूर्णामृत भवानी माध्यमिक विद्यालयको स्वामित्वमा रहेको २९-५-२-१ रोपनी जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |

| | | |
|---|---|---|
| १४ | गृह मन्त्रालय | (क) २०८३ भदौ १० गतेको रसुवा भोटेकोशी बाढी र २०८३ असोज ८ गतेदेखि ११ गतेसम्म नेपालको विभिन्न भूभागमा परेको भारी वर्षाका कारण सिर्जित बाढी तथा पहिरोबाट अति प्रभावित गोरखा, मनाङ, म्याग्दी, बाग्लुङ, पर्वत र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाहरूका २० स्थानीय तहलाई तीन महिनाको अवधिको लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने।<br>(ख) विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएका स्थानीय तहका क्षतिग्रस्त निजी आवासका प्रभावित परिवारहरूले अस्थायी बसोबास व्यवस्थापन गर्न चाहेमा त्यस्ता परिवारका लागि वैकल्पिक बसोबासको व्यवस्था नभएसम्म बढीमा ६ महिनाका लागि तत्काल राहत स्वरूप बसोबास र जीविकोपार्जनका लागि ४ जनासम्मको सदस्य सङ्ख्या भएका परिवारलाई प्रति परिवार प्रति महिना रु. १५,०००।- र सोभन्दा बढी सदस्य भएको परिवारको लागि प्रति सदस्य थप रु. २,०००।– प्रति महिना प्रदान गर्ने। |
| १५ | पूर्वाधार विकास मन्त्रालय | नगरपालिकाहरूमा स्वच्छ ऊर्जा रूपान्तरणलाई प्रवर्धन गर्ने कार्यक्रमका लागि नर्वेजियन सरकारबाट प्राप्त हुने करिब दश करोड नेपाली रुपियाँ बराबरको अनुदान सहायता प्राप्त गर्न स्वीकृति दिने। |
| १६ | पूर्वाधार विकास मन्त्रालय | नेपाल इन्जिनियरिङ सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोस्रो संशोधन) नियमहरू,२०८३ स्वीकृत गर्ने। |
| १७ | रक्षा मन्त्रालय | नेपाली सेनाका एक जना सहायक रथीलाई उपरथी दर्जामा बढुवा गर्ने। |
| १८ | रक्षा मन्त्रालय | नेपाली सेनाका दुई जना प्राविधिक प्रमुख सेनानीलाई प्राविधिक महासेनानी दर्जामा बढुवा गर्ने। |
| १९ | रक्षा मन्त्रालय | नेपाली सेनाका एक जना प्राविधिक प्रमुख सेनानीलाई प्राविधिक महासेनानी दर्जामा बढुवा गर्ने। |
| २० | शिक्षा तथा खेलकुद मन्त्रालय | २०८३ कात्तिक १६ देखि १९ गतेसम्म जाम्बियाको लुसाकामा हुने 2026 Global Child Nutrition Forum (GCNF) विषयक सम्मेलनमा शिक्षा तथा खेलकुद मन्त्रालयका सचिवलाई भाग लिन स्वीकृति दिने। |
| २१ | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | मानसिक स्वास्थ्य सम्बन्धी विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने। |
| २२ | वैकल्पिक विकास वित्त परिचालन नियमावली, २०८३ स्वीकृत गर्ने। | |
| २३ | जेन-जी आन्दोलनसँग सम्बन्धित घटनामा फौजदारी अभियोजन भएका मुद्दा फिर्ता गर्न सकिने नसकिने सम्बन्धमा छानबिन गरी सिफारिससहितको प्रतिवेदन पेश गर्न पूर्व न्यायाधीश श्री बाबुराम रेग्मीको अध्यक्षतामा गठित समितिले पेश गरेको प्रतिवेदन कार्यान्वयनको लागि गृह मन्त्रालयमा पठाउने। | |
| २४ | सहसचिव (प्रा.) श्री पद्म कुमार मैनालीलाई नेपाल इन्जिनियरिङ सेवा समूहीकरण तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गरी पूर्वाधार विकास मन्त्रालयमा पदस्थापन गर्ने। | |

## नेपाल सरकार, मन्त्रिपरिषद्का २०८३ असोज २१ गतेका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | (क) विभिन्न नौ वटा प्रणालीहरूको विकास, परिमार्जन, स्तरोन्नति तथा मर्मत सम्भारको कार्य सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रमार्फत गर्ने।<br>(ख) सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रमा रहने विज्ञको संख्या, पारिश्रमिक, योग्यता र दक्षता निर्धारण गर्ने।<br>(ग) सफ्टवेयर विकास तथा सञ्चालन केन्द्रमा खटिने कर्मचारी तथा इन्टर्नहरूलाई प्रोत्साहन उपलब्ध गराउने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मूल्य समायोजनसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने। |
| ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०८३/८४ का लागि २९ वटा अधिकृतस्तरका अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ४ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम वन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ जारी गर्न सम्माननीय राष्ट्रपति समक्ष सिफारिस गर्ने। |
| ५ | गृह मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोगबाट विभिन्न मितिमा क्षतिपूर्तिका लागि सिफारिस भई आएका १५३ जना पीडितहरूलाई दोहोरो नपर्ने गरी क्षतिपूर्ति उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने। |
| ६ | गृह मन्त्रालय | नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम विपद् सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ जारी गर्न सम्माननीय राष्ट्रपति समक्ष सिफारिस गर्ने। |
| ७ | परराष्ट्र मन्त्रालय | पोर्चुगल सरकारलाई काठमाडौं उपत्यका कन्सुलर क्षेत्र रहने गरी कन्सुलेट जनरल खोल्न सहमति दिने। |
| ८ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८३ कात्तिक २३ देखि २४ गतेसम्म इजरायलको जेरुसेलममा आयोजना हुने EDUNATION International Education Conference मा सहभागी हुन ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनलाई स्वीकृति प्रदान गर्ने। |
| ९ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम भूमि सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश, २०८३ जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| १० | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सेवा करारका कर्मचारीको सेवा, सर्त, सुविधासम्बन्धी विषयहरु कार्यान्वयन गर्न स्वीकृति दिने। |
| ११ | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सहसचिव श्री पदम कुमार श्रेष्ठले दिनु भएको राजीनामा स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| १२ | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत आ.व. २०८३/०८४ का लागि अधिकृतस्तरका २ वटा पदको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १३ | महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय | बालबालिका सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८३ स्वीकृत गर्ने। |
| १४ | रक्षा मन्त्रालय | नेपाली सेनाका दुई जना प्राविधिक महासेनानी, दुई जना सहायक रथी र दुई जना उपरथीको सरुवा गर्ने। |
| १५ | रक्षा मन्त्रालय | नेपाली सेनाका एकजना प्रमुख सेनानीलाई महासेनानी दर्जामा र दुई जना महासेनानीलाई सहायक रथी दर्जामा बढुवा गर्ने। |
| १६ | विज्ञान, प्रविधि तथा नवपर्वतन मन्त्रालय | नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम विज्ञान, प्रविधि तथा नवप्रवर्तन अध्यादेश, २०८३ जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने। |
| १७ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | संयुक्त अधिराज्यको लण्डनमा २०८३ कात्तिक १७ देखि १९ गतेसम्म आयोजना हुने World Travel Market (WTM), 2026 मा सहभागी हुन माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| १८ | नेपाल इन्जिनियरिङ सेवा समूहीकरण तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा सहसचिव (प्रा.) श्री नवीनराज सिंहलाई बढुवा गरी जल तथा ऊर्जा आयोगको सचिवालयमा पदस्थापन गर्ने। | |
| १९ | नेपाल प्रशासन सेवा समूहीकरण तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा सहसचिव श्री चक्र बहादुर बुढालाई बढुवा गरी राष्ट्रिय सतर्कता केन्द्रको प्रमुख अधिकृत पदमा पदस्थापन गर्ने। | |
| २० | नेपाल लेखापरीक्षण सेवा समूहीकरण तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीलाई बढुवा गरी महालेखापरीक्षकको कार्यालयमा पदस्थापन गर्ने। | |
| २१ | राष्ट्रिय सतर्कता केन्द्रका प्रमुख अधिकृत श्री भुपाल बराललाई राष्ट्रिय योजना आयोगको सचिव पदमा सरूवा गर्ने। | |

## नेपाल सरकार, मन्त्रिपरिषद्का २०८३ असोज २३ गतेका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | विश्व बैंकसंग Nepal Earthquake Catastrophe Bond सम्बन्धी Mandate Agreement मा हस्ताक्षर गर्न स्वीकृति दिने। |
| २ | अर्थ मन्त्रालय | काठमाडौं उपत्यका खानेपानी क्षेत्र सुधार कार्यक्रमका लागि एसियाली विकास बैंकबाट प्राप्त हुने ५० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्न अर्थ मन्त्रालयलाई सैद्धान्तिक सहमति प्रदान गर्ने र वार्ता टोली गठन गर्ने। |
| ३ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | काठमाडौं जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री तेजबहादुर खड्कालाई सो अदालतको कामकाज समेत गर्ने गरी उपभोक्ता अदालत काठमाडौंको अध्यक्ष तोक्ने। |
| ४ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री राजुकुमार खतिवडालाई सो अदालतको कामकाजसमेत गर्ने गरी काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा २३ को उपदफा २३.२.१ बमोजिमको पुनरावेदन समितिको अध्यक्ष तोक्ने। |
| ५ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री गीताप्रसाद तिम्सिनालाई सो अदालतको कामकाजसमेत गर्नेगरी दूरसञ्चार नियमावली, २०५४ को नियम २७ को उपनियम (१) को खण्ड (क) बमोजिमको पुनरावेदन समितिको अध्यक्ष तोक्ने। |
| ६ | कृषि, वन तथा पर्यावरण मन्त्रालय | चालु आर्थिक वर्ष २०८३/०८४ का लागि कृषि, वन तथा पर्यावरण मन्त्रालय अन्तर्गत सञ्चालित आयोजनाको लागि २५४ राजपत्राङ्कित पदहरुको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ७ | परराष्ट्र मन्त्रालय | (क) विदेशस्थित नेपाली नियोगहरूमा नयाँ स्वीकृत भएका कूटनीतिक कर्मचारीतर्फको पदका लागि वैदेशिक भत्ता स्वीकृत गर्ने।<br>(ख) विदेशस्थित नेपाली नियोगहरूका स्थानीय कर्मचारी (करार) तर्फको पद स्वीकृत गर्ने र पारिश्रमिक निर्धारण गर्ने। |
| ८ | पूर्वाधार विकास मन्त्रालय | २०८३ कात्तिक ११ गते चीनको Xian मा आयोजना हुने Tenth Working Group Meeting on China–Nepal Railway Cooperation मा नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी पूर्वाधार विकास मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ९ | पूर्वाधार विकास मन्त्रालय | सहसचिव (प्रा.) श्री महेशचन्द्र न्यौपानेले दिनुभएको राजीनामा स्वीकृत गर्ने। |
| १० | भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | बिर्टौरी जग्गामा बसोबास गरी आएका व्यक्तिहरूको नाममा जग्गा दर्ता गर्नेसम्बन्धी समिति गठन आदेश, २०८३ स्वीकृत गर्ने। |

<table>
<tr><td>११</td><td>शिक्षा तथा खेलकुद मन्त्रालय</td><td>उपसचिव श्री निर्मल कुमार घिमिरेलाई रा.प.प्रथम श्रेणीको सहसचिव पदमा बढुवा गरी निजको राजीनामा स्वीकृत गर्ने।</td></tr>
<tr><td>१२</td><td>शिक्षा तथा खेलकुद मन्त्रालय</td><td>सन् २०२६ सेप्टेम्वर १९ देखि अक्टोवर ४ सम्म जापानको आईची-नागोयामा भएको २० औं एशियाली खेलकुदमा सहभागी खेलाडीहरु मध्ये महिला कवड्डी खेल र कराँते खेलका खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकलाई सम्मानस्वरूप नगद पुरस्कार प्रदान गर्ने।</td></tr>
<tr><td>१३</td><td>स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय</td><td>२०८३ कात्तिक २४ देखि २५ गतेसम्म श्रीलंकाको कोलम्बोमा सञ्चालन हुने स्वास्थ्यमन्त्री स्तरीय तथा उच्च अधिकारी स्तरीय बिमेस्टेक बैठकमा माननीय स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहता र सचिव डा. विकास देवकोटालाई सहभागी हुन स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>१४</td><td colspan="2">न्याय सेवा आयोगको सिफारिसबमोजिम नेपाल न्याय सेवा, सरकारी वकील समूहका सहन्यायाधिवक्ता श्री अच्युतमणि नेउपानेलाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गरी वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको सचिव पदमा पदस्थापन गर्ने।</td></tr>
<tr><td>१५</td><td colspan="2">न्याय सेवा आयोगको सिफारिसबमोजिम वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका सचिव श्री ध्रुव कुमार चौहानलाई महान्यायाधिवक्ताको कार्यालयको नायब महान्यायाधिवक्ता पदमा सरूवा गर्ने।</td></tr>
</table>